**मनहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रजैया, मकवानपुर**
**सुचना नं** Pro/GB11-2074/75

# तारजाली खरिद सम्वन्धी
# शिलवन्दी दरभाउपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७५।०१।२६ गते)**

यस कार्यालयवाट चालु आर्थिक वर्ष २०७४/०७५ का लागि तपसिलमा उल्लिखित तारजाली (Gabion Box) खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका कम्पनी, फर्म वा सप्लार्यसले निम्न अनुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक दरभाउपत्रदाताहरुले रु.१०००।-(फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गरि लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर प्रमाणपत्र तथा आ.व.२०७३/०७४ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी मनहरी गाउँपालिका कार्यालय,रजैया मकवानपुरवाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. १६ औं दिनको १२:०० भित्र यस कार्यालयमा दरभाउपत्र शिलवन्दि गरी खाममा आंफूले सप्लाई गर्ने सामानको विषय समेत उल्लेख गरी दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन ।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिन दर्ता गर्ने समय सकिए लगतै कार्यालयका प्रतिनिधि र उपस्थित दरभाउपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्रसाथ तोकिए वमोजिमको जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड हेटौंडा स्थित धरौटी खाता नं ०२५०३०००००००३०००१२ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकवाट जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

६. दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मिति देखि ४५ दिनसम्म हुनेछ ।

७. BoQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८ कुनै कारण जनाई वा नजनाई दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९ दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

१० दरभाउपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित ऐन नियम अनुसार हुनेछ ।

११ सामान स्पेशिफिकेशन अनुसारको हुनुपर्नेछ र स्पेशिफिकेशन, गुणस्तर BoQ मा उल्लेख गरिनेछ साथै सामानको दरभाउ कार्यालयको लागत अनुमानको सिमाभित्र हुनु पर्नेछ । सामानको सप्लाई कार्यालय सम्म सप्लायर्सले नै गर्नु पर्नेछ ।

१२ **खरिद गर्नुपर्ने सामनको विवरण**

| **ठेक्का नं.** | आवश्यक सामनको विवरण | आवश्यक संख्या (थान) | धरौटी रकम |
|---|---|---|---|
| Pro/GB11-2074/75 | **Gabion Box (तारजाली)** | ४६९ | रु.३८०००।-(अक्षरेपी अठ्तीस हजार मात्र) |

**कार्यकारी अधिकृत**